# ब्यवसायिक उन्नत बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना २५ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर १७ गतेदेखि १९ गतेसम्म सल्यान जिल्लाको सल्लीबजारमा **"ब्यवसायिक उन्नत बाख्रापालन तालिम"** सम्पन्न गरेको यस संस्थाका सल्लीबजार शाखाका प्रमुख निम बहादुर घर्तिमगरले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु बालकृष्ण बस्नेत, दिल बहादुर पुन, क्षेत्रीय प्रमुख राज कुमार पोखेल, शाखा प्रमुख निम बहादुर घर्तिमगर रहेका थिए । एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिइ रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख राज कुमार पोखरेलले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको शाखा प्रमुख निम बहादुर घर्तिमगरले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याइ रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समुहमा आवद्ध गराइ विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको

कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आइ रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आइ रहेको छ ।

संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । बाखापालन गरी रहेका र बाखापालन गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख राज कुमार पोखेलले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी दुर्गा बि.क., सहभागी उर्मिला बि.क.ले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा उन्नत बाखापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाखापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएकोमा सिम्टा गाउपालिका वार्ड ६ का  वार्ड अध्यक्ष राजेन्द सिंहले जनप्रतिनिधिको हैसियतले निर्धन उत्थान लघुवित्त संस्थाका सबै निकायलाई धन्यवाद दिएको कुरा क्षेत्रीय प्रमुख राज कुमार पोखेलले जानकारी गराएका थिए । तालिमको संचालन सल्लीबजार शाखाका लेखापाल नारायण प्रसाद आचार्यले गरेका थिए ।